# पञ्चकन्या गाउँपालिका

Panchakanya Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

Office Of The Rural Municipal Executive

लाकुरीभञ्ज्याङ, नुवाकोट

Lakuribhanjyang, Nuwakot

बागमती प्रदेश, नेपाल

Bagamti Province, Nepal


## नयाँ विद्यार्थी भर्ना सम्बन्धी सूचना !!

सूचना नं. ५३

मिति २०८१/०१/१०

यस गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालय, बालविकास केन्द्र र सामुदायिक सिकाइ केन्द्रहरुमा बालबालिकालाई विद्यालयमा प्रवेश गराउने कार्यक्रमका रुपमा विद्यार्थी भर्ना अभियान प्रत्येक वर्ष वैशाख २ गते देखि सञ्चालन हुँदै आएको व्यहोरा अवगतै छ। आ.व. शैक्षिक सत्र २०८१ मा कतिपय विद्यालयहरुले अन्यत्र विद्यालयहरुबाट आउने विद्यार्थीको अनियमितरुपमा बिना ग्रेड सिट विद्यार्थी भर्ना गराईरहेको भनि गुनासो र निवेदन यस पालिकाको शिक्षा शाखामा पेश भएको सन्दर्भमा विद्यालयले विद्यार्थी भर्ना गराउदा शिक्षा नियमावली,२०५९ को परिच्छेद १५ को नियम ७८ बमोजिम देहायका सक्कल प्रमाणपत्र अनुसार भर्ना गर्नुहुन/गराउनुहुन यस गाउँपालिका भित्रका सम्बन्धित विद्यालय एवं सरोकारवाहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>देहाय</u>

१. जन्मदर्ताको प्रतिलिपि,
२. कक्षा ६ मा भर्नाको लागि कक्षा पाँचको परीक्षा उत्तीर्ण भएको प्रमाणपत्र,
३. कक्षा ९ मा भर्ना हुनको लागि निम्न माध्यमिक तहको अन्तिम परीक्षामा उत्तीर्ण गरेको प्रमाणपत्र,
४. अन्य कक्षामा भर्ना हुनको लागि विद्यालयले दिएको वार्षिक परीक्षाको ग्रेड सिट र स्थानान्तर प्रमाणपत्र,

(धर्म राज रिमाल)
शिक्षा अधिकृत